# परिच्छेद ९

# सन् २०२३ को मानव अधिकार स्थितिबारे विभिन्न आयोगहरूका धारणा

## राष्ट्रिय मानव अधिकार आयोग

सन् २०२३ मा पनि अघिल्ला वर्षहरूझैँ राष्ट्रिय मानव अधिकार आयोगले संविधान र सम्बन्धित कानुनले दिएको क्षेत्राधिकारभित्र गरेका प्रमुख कार्यहरूलाई संरक्षणात्मक, संवर्द्धनात्मक र पुनरावलोकनसम्बन्धी गरी तीन वर्गमा विभाजन गर्न सकिन्छ। यी तीनओटै किसिमका कार्यहरू सम्पन्न गर्न आयोगले राज्यका निकायहरू, नागरिक समाज, अन्तर्राष्ट्रिय निकाय, मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (गान्हरी) सँगको सहकार्य र समन्वयलाई प्राथमिकतामा राख्दै आएको छ। आयोगको यो पाँचौ कार्यकालसम्म आयोगले प्रतिकूलताहरू हुँदाहुँदै पनि मानव अधिकार संरक्षणमा र संवर्द्धनमा गरेका प्रयासहरूका आधारमा गान्हरीको वर्गीकरणमा आफूलाई 'क' श्रेणीमा कायम राख्न सफलता प्राप्त गरेको छ।

आयोगमा हालसम्म परेको उजुरीको अनुसन्धान गरी २८ करोड १३ लाख १ हजार १ सय ९ रुपियाँ क्षतिपूर्तिको रकम सम्बन्धित पीडितलाई प्रदान गर्न सरकारलाई सिफारिस गऱ्यो। तर, पीडितहरूले करिब सात करोडमात्र क्षतिपूर्तिबापत पाएको जानकारी आयोगलाई प्राप्त भएको छ। मानव अधिकार उल्लङ्घनकर्ता ३ सय ५८ जनालाई कारबाहीको सिफारिस गरेकोमा सरकारले ३७ जनालाई कारबाही गरेको छ।

आयोगले हालसम्म १ हजार ४ सय १३ ओटा सिफारिस गरी कार्यान्वयनको लागि नेपाल सरकार/सम्बन्धित निकाय पठाएकोमा १५.३ प्रतिशत पूर्ण र ३९.२ आंशिक कार्यान्वयन र ४५.५ सिफारिस कार्यान्वयन नभएको बिडम्वनापूर्ण अवस्था छ। आयोगमा परेका उजुरीहरूमध्ये २ हजार ७ सय ५२ उजुरी अनुसन्धान हुन बाँकी, १ हजार ४ सय ६२ उजुरी अनुसन्धान कार्य सम्पन्न गरी निर्णय हुन बाँकी रहेका छन्। अनुसन्धान भइरहेका मध्ये २ हजार ६ सय १८ उजुरीहरू सशस्त्र द्वन्द्वसँग सम्बन्धित रहेका छन्।

मानव अधिकार उल्लङ्घन र दुरूत्साहनका घटना सम्बन्धमा आयोगले संविधान, ऐन, नियमको परिधिभित्र रही अनुसन्धान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउँदै आएको छ। उजुरीहरू विशेषत: नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, महिला, बालबालिका, यातना, ज्येष्ठ नागरिकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदार, अल्पसङ्ख्यकको अधिकार आदि विषयसँग सम्बन्धित छन्।

### सन् २०२३ मा समग्र मानव अधिकार अवस्था

#### जीवनको अधिकार

बाँच्न पाउने अधिकारलाई पहिलो वा आधारभूत अधिकारको रूपमा स्वीकार गरिए पनि व्यवहारत: अवस्था अझै पनि सन्तोषजनक छैन। प्रत्यक्ष/अप्रत्यक्ष रूपमा नागरिकप्रति राज्यले निर्वाह गर्नुपर्ने भूमिका प्रभावकारी वा सशक्त हुन नसक्दा नागरिकले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था विद्यमान छ। विशेषत: अपराधजन्य क्रियाकलाप, स्वास्थ्य उपचार तथा औषधीको अभाव, गरिबी, आत्महत्या, वैदेशिक रोजगार, प्राकृतिक विपत्, सडक दुर्घटना लगायतका कारण नागरिकहरू जीवन गुमाउन बाध्य छन्।

सरकारको नियन्त्रण र नियमनको थुनुवा केन्द्रमा हत्या/मृत्यु भएका उजुरीउपर आयोगले छानबिन तथा अनुसन्धान गरी दोषीलाई कारबाही र मृतक परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने गरेको छ। सडकको अवस्था र सवारी व्यवस्थापनमा सरकारको नियमन प्रभावकारी नहुँदा सवारी दुर्घटनाबाट समेत नागरिकहरूले जीवनको अधिकार गुमाइरहेका देखिन्छ। प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्न नसकिने भए पनि अपेक्षित रूपमा पूर्वसावधानी अपनाउन नसक्दा मृत्युका घटनाहरू प्रत्येक वर्ष पुनरावृत्ति भइरहेका छन्।

निर्माण तथा अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूको मृत्युको सम्बन्धमा खासै चर्चा भएको

पाइँदैन। अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरको सङ्ख्या कति छ, कामको सिलसिलामा दुर्घटनामा परी कति घाइते अनि कतिको मृत्यु हुने गर्दछ भन्ने बारेमा सरकारी निकाय तथा सरोकारवालाहरूसँग कुनै तथ्याङ्क रहेको पाइँदैन। समयमै स्वास्थ्य उपचार नपाइ अकालमा ज्यान गुमाउनेको सङ्ख्या पनि धेरै छ। एकीन तथ्याङ्क नभए पनि आर्थिक अभावको कारण स्वास्थ्य संस्थामा जान नसकेका, स्वास्थ्य उपचारमा पहुँच नभएका र जटिल किसिमका रोगहरू (जस्तै– क्यान्सर, मृगौला रोग, हृदयघात आदि) लागेका र सङ्क्रमणजन्य रोगहरूबाट समेत धेरैले ज्यान गुमाइरहेका छन्।

**कैदी-बन्दीहरूको अधिकार**

कैदीबन्दीहरूलाई मानवोचित व्यवहार, कानुनी परामर्श सेवा, खानपिन र स्वास्थ्य सेवा, सीपमूलक तालिम, पुस्तकालय, मनोरञ्जन तथा खेलकुदका सामग्रीहरूको व्यवस्था लगायतका सकारात्मक सुधारहरू भए पनि मुलुकभरका प्राय: कारागारहरूको भौतिक अवस्था जीर्ण छ। सबैजसो कारागारहरूमा क्षमताभन्दा अधिक कैदीबन्दी राखिएको, उनीहरूको आवश्यकताअनुसार पानी, शौचालय, बत्ती आदिको प्रबन्ध नभएको, भुइँमा खापिएर सुत्नुपर्ने बाध्यता छ।

अदालतहरूबाट समयमै मुद्दाहरू फैसला हुन नसक्दा कैदीबन्दीहरूले लामो समयसम्म बन्दी जीवन बिताउनुपरेको गुनासोहरू प्राप्त भएका छन्। सबै प्रकारका अपराध र स्वास्थ्य समस्या भएका कैदीहरूलाई समेत एकैठाउँमा राख्ने गरिएको पाइएको छ। भेटघाटको लागि आउने आफन्त, मानव अधिकारकर्मी र कानुन व्यवसायी आदिको लागि छुट्टै कोठा वा त्यसको व्यवस्था छैन। बिरामी भएको अवस्थामा प्रभावकारी उपचारको व्यवस्था अहिले पनि हुन सकेको पाइँदैन। कानुनी प्रक्रियाका लागि अदालतमा कैदीबन्दीहरूलाई लैजान र ल्याउन आवश्यकताअनुसार सवारी साधनको अभाव रहेको छ।

सीपमूलक तालिममा जोड दिन, कैदीबन्दीहरूको फोटोसहितको अभिलेख राख्न, सुझाव वा उजुरी पेटीका तथा कैदीबन्दीहरूले पालना गर्नुपर्ने आचारसंहिता प्रष्ट बुझिने र देखिने स्थानमा राख्ने व्यवस्था मिलाउन ध्यान पुऱ्याउन आवश्यक छ। यी विविध विषयमा आयोगले सरकारलाई निर्देशन दिनुको साथै सिफारिस पनि गर्दै आएको छ।

**सङ्क्रमणकालीन न्याय**

सङ्कमणकालीन न्यायको मुद्दालाई सम्बोधन गर्नका सरकार, राजनीतिक दल, पीडित, अन्तर्राष्ट्रिय समुदाय कुनै न कुनै रूपमा क्रियाशील भइरहे। राष्ट्रिय/अन्तर्राष्ट्रिय परिवेश, चासो, आ-आफ्नो बुझाइ, रणनीति, आफू सजायको भागिदार बनिने भयत्रास, सत्ता स्वार्थ, राजनीतिक अस्थिरता आदि कारणहरूले यो मुद्दा प्रभावित बन्न पुग्यो। परिणामत: सर्वोच्च अदालतको आदेशको विषयमा साझा मिलन बिन्दुमा पुग्न नसक्दा लामो समयसम्म ऐन निर्माण हुन सकेन। तर, राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायको चासो र पीडितको दबाबलगायतका कारण पनि यस मुद्दालाई पन्छाउन सहज एवम् सम्भव छैन।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य-निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ का कतिपय प्रावधानहरूमाथि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट उठाइएका सवालहरू, सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम ऐन संशोधन गर्न दिएको निर्देशनको पालना हुन सकेको छैन। सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा जाहेर गरेको प्रतिबद्धता, पीडितका माग, अन्तर्राष्ट्रिय चासो र सरोकार अहिले पनि सम्बोधन हुन सकेन।

सङ्क्रमणकालीन न्यायलाई व्यवस्थापन गर्न तर्जुमा गरिएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ तथा सो ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ प्रति पीडित परिवार र सरोकारवालाहरूले चित्त बुझाएको अवस्था छैन। उक्त विधेयक सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानुन, मूल्यमान्यताबमोजिम नभएको र पीडकलाई उन्मुक्ति दिने खालका प्रावधानहरू राखेको भनेर पीडित र सरोकारवालाहरूले आवाज उठाइरहेको अवस्था छ।

**आर्थिक अधिकार र रोजगार**

आर्थिक अधिकारभित्र आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट जीवन धान्ने अधिकार, समान कार्यको लागि बिनाभेदभाव उचित पारिश्रमिक पाउने, अनुकूल वातावरणमा काम गर्न पाउने अधिकार, ट्रेड युनियन खोल्ने र आफूले रोजेको ट्रेड युनियनमा सम्मिलित हुने अधिकार, सामाजिक बीमा लगायत सामाजिक सुरक्षाको अधिकार, पारिवारिक सुरक्षा र सहायता लगायतका अधिकारहरू

पर्दछन्। तीनै तहका सरकारको पुँजीगत खर्चमा अपेक्षित वृद्धि हुन नसक्दा पुँजी निर्माण, रोजगार सिर्जना, उत्पादन र उत्पादकत्वमा अपेक्षाअनुसार सुधार हुन सकेको छैन। कृषिको लागि आवश्यक पर्ने मल समयमै उपलब्ध हुन नसक्दा आकासे वर्षाको भरमा रहेको सिँचाइ र जलवायु परिवर्तनका कारण समयमा वर्षा नहुँदा कृषि उत्पादन घटेको छ।

## शिक्षाको अधिकार

नेपाल सरकारले २०६५ सालमा नै दुई वर्षभित्रमा निरक्षरता उन्मूलन गर्ने भनी रणनीति बनाए पनि दशक बितिसक्दा पनि उन्मूलन हुन सकेको देखिँदैन। नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेको प्रतिबद्धता एवम् अन्तर्राष्ट्रिय मान्यताअनुसार शिक्षा क्षेत्रमा बजेट २० प्रतिशतभन्दा माथि हुनुपर्ने भए पनि नेपालको सन्दर्भमा झण्डै आधामात्र छुट्याइने गरेको पाइन्छ। प्रदेश र स्थानीय सरकारले पनि आ-आफ्नो विशेषता, मौलिकतालाई मध्यनजर राखी शैक्षिक अभियानहरू सञ्चालन गरिरहेको छ।

सरकारले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानअन्तर्गत सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरू केही प्रगतिमूलक देखिएका छन्। यद्यपि अवस्था भने सन्तोषजनक छैन। निःशुल्क शिक्षा, पोशाक, पुस्तक, दिवा खाजा सरकारी तहबाटै उपलब्ध गराउने भनिए पनि अपेक्षित उपलब्धि हासिल हुनसक्ने विश्वस्त आधार देखिएको छैन। अहिले पनि पाँचदेखि १२ वर्ष उमेर समूहका झण्डै तीन लाखभन्दा बढी बालबालिका विद्यालयभन्दा बाहिर रहेको अनुमान छ। अपाङ्गता भएका बालबालिका, आर्थिक रूपमा विपन्न बालबालिका, अविभावक वा संरक्षकविहीन टुहुरा/अनाथ, पिछडिएका बालबालिकाहरू शिक्षाबाट वञ्चित हुन पुगेको पाइन्छ। सङ्घ, प्रदेश तथा स्थानीय सरकारले शिक्षालाई प्राथमिकतामा राखेको भए पनि विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयसम्म जोड्न सकिएको छैन।

सामुदायिक विद्यालयहरूको गुणस्तरमा अझै पनि अपेक्षित सुधार आउन सकेको छैन। गुणस्तरीय पठनपाठन, चुस्तदुरुस्त व्यवस्थापन र प्रभावकारी अनुगमन हुन नसक्दा सरकारी विद्यालयहरूमा आकर्षण बढ्न सकेको छैन।

## स्वास्थ्यको अधिकार

स्वास्थ्य क्षेत्रमा बढ्दै गएको सार्वजनिक तथा निजी लगानी र स्वास्थ्यसम्बन्धी नागरिक चेतनामा वृद्धि हुदै गएसँगै विगतका वर्षदेखि नै स्वास्थ्य सूचकमा उल्लेख्य सुधार हुँदै गएको छ। मानव संशाधनको उत्पादनको दृष्टिले स्वास्थ्य क्षेत्रमा नेपालमा प्रतिहजार जनसङ्ख्यामा १.१५ प्रतिशत चिकित्सक र २.५४ प्रतिशत नर्स रहेका छन्। विपन्न नागरिक औषधी उपचारअन्तर्गत विभिन्न आठ प्रकारका रोगविरुद्ध स्वास्थ्य सेवा उपलब्ध हुँदै आएको छ। सरकारले १४ वर्षमुनिका बालबालिका र ७० वर्षमाथिका ज्येष्ठ नागरिकको मुटुरोगको निःशुल्क उपचार, विपन्न नागरिकलाई मुटु, मिर्गौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी, सिकलसेल एनिमिया लगायतका रोगहरूको उपचारमा विशेष व्यवस्था गरेको छ। स्वास्थ्य संस्थामार्फत ९८ प्रकारका औषधी निःशुल्क रूपमा वितरण गर्ने घोषणा गरेको छ। नेपालमा सञ्चालित राष्ट्रिय खोप कार्यक्रमलगायत विविध खोप कार्यक्रम र सर्ने तथा नसर्ने रोगसम्बन्धी सेवामा गुणात्मक र सङ्ख्यात्मक सुधार भएबाट हाल औसत आयु ७१.७४ वर्ष पुगेको छ।

यी सकारात्मक प्रयत्नका बाबजूद् स्वास्थ्यको अधिकार सबै वर्ग र तहका नागरिकहरूको पहुँचमा पाईदैन। दुर्गम क्षेत्र र गरिबीको रेखामुनि रहेका, पिछडिएका, अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायको स्वास्थ्य सेवामा पहुँच सरल, सुलभ र व्यापक हुन सकेको छैन। नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ अनुसार ९८ प्रकारका औषधिहरू निःशुल्क वितरण गर्ने भनिए पनि जिल्ला अस्पतालहरूमा समेत सहजरूपमा उपलब्ध हुन सकेको छैन।

स्वास्थ्य क्षेत्रमा बढ्दो व्यवसायीकरणले सरकारी अस्पताल गरिबहरूको लागि मात्र हो भन्ने मनोवृत्तिमा विकास हुँदै गएको छ। कुनै पनि स्थान विशेष, तह, तप्का, वर्ग र समुदायका नागरिकहरूका लागि हालसम्म संविधानको आकांक्षाअनुरूप सहज र सुलभ स्वास्थ्य सेवामा पहुँच रहेको छैन।

ग्रामीणस्तरका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीको दरबन्दी पूरा नहुँदा नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न पाएका छैनन्। स्वास्थ्य संस्था भौतिक रूपमा राम्रो भएता पनि सरसफाइको कमी रहेको देखिन्छ। समग्रमा नागरिकहरूले संविधान र कानुनमा उल्लेख

भएबमोजिमको गुणस्तरीय स्वास्थ्यको अधिकार उपभोग गर्न सकेको अवस्था छैन।

**खाद्यको अधिकार**

संवैधानिक र कानुनी व्यवस्थाका बाबजुद खाद्य अधिकार उपभोग तथा कार्यान्वयनको पक्ष अपेक्षाकृत देखिँदैन। खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ ले नागरिकलाई खाद्य असुरक्षाबाट संरक्षण पाउने, बिना भेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा पहुँच हुने, भोकबाट मुक्त हुने, खाद्यको अभावमा जीवन जोखिममा हुने अवस्थाबाट सुरक्षित हुने अधिकारलाई सुनिश्चित गरेको छ। सन् २०२३ को विश्व भोकमरी सूचकाङ्कमा नेपाल १ सय २५ देशमध्ये ६९ औँ स्थानमा रहेको देखाइएको छ। आर्थिक सङ्कटको सामना गरिरहेको अवस्थामा विश्व भोकमरीको सूचकाङ्कमा नेपाल दक्षिण एसियामा नै श्रीलङ्कापछि दोस्रो देशको रूपमा सूचीकृत हुनुलाई सकारात्मक नै मान्नुपर्ने हुन्छ। नेपालको कृषि उत्पादन र उत्पादकत्वको तुलनात्मक अध्ययन गर्दा अझै पनि नेपाल खाद्यान्नमा निर्भर हुन सकेको छैन। सरकारी निकायहरूको तथ्य र तथ्याङ्कहरूको विश्लेषण गर्दा नेपालमा नागरिकहरूको खाद्यान्नको अधिकार सुरक्षित रहेको मान्न सकिने अवस्था देखिँदैन। मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन कृषि, सिंचाइ, वाणिज्य लगायतका क्षेत्रगत नीतिको समयानुकूल परिमार्जन गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ बमोजिम स्थानीय तहले खाद्य जोखिम रहेका घरपरिवारको विवरण अद्यावधिक गरी खाद्य सहायता परिचयपत्र वितरण गर्ने र लक्षित घरपरिवारलाई सहुलियत मूल्यमा वा नि:शुल्क खाद्य सहायता उपलब्ध गराउनुपर्ने व्यवस्था भए पनि यसको कार्यान्वयन हुन सकेको छैन।

**उपभोक्ताको अधिकार**

मानव अधिकारसँग सम्बन्धित दस्तावेज, कानुन र सरकारी प्रतिबद्धतामा उपभोक्ता अधिकार सुरक्षित भए पनि कार्यान्वयन पक्ष कमजोर देखिएको छ। खाद्य सुरक्षाको अभाव, अखाद्य वस्तु मिसावट, म्याद नाघेका खाद्य वस्तुको बिक्री, कृत्रिम मूल्यवृद्धि जस्ता समस्याहरू बेलाबखतमा भइरहेका छन्। गुणस्तरीय वस्तु, उत्पादन सञ्चय वा भण्डारण, ढुवानीमा समस्याको अवस्था विद्यमान छ। ग्राहकलाई गलत सूचना र प्रलोभनमा पार्ने विज्ञापनको प्रचारप्रसार चुनौतीको रूपमा देखिएका छन्। स्रोत र साधन एवम् समन्वयको अभाव, दक्ष जनशक्ति, प्रयोगशालाको कमी, भएका प्रयोगशाला पनि प्रयोगविहीन, अप्रभावकारी अनुगमन, कारबाही आदि कारकतत्वका रूपमा रहेका छन्।

आयोगबाट जारी भएको उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका, २०७९ बमोजिम आयोगले विभिन्न जिल्लाहरूमा बजार अनुगमन गर्दै आएको छ। स्थानीय प्रशासन र स्थानीय तहहरूबाट समेत बजार अनुगमन गर्ने गरिए पनि प्रभावकारी देखिएको छैन। अनुगमन टोलीमा प्राविधिक र पर्याप्त ज्ञान, सीपको अभाव, यन्त्र उपकरणहरूको अभाव, खाद्य पदार्थको नमुना परीक्षणको लागि प्रयोगशालाको अभाव लगायतका कारण स्थानीय अनुगमन प्रभावकारी देखिएको छैन। त्यस्तै, उपभोक्ता सचेतना पर्याप्त मात्रामा नहुँदा उपभोक्ताहरू ठगिएका छन्। जिल्ला प्रशासन कार्यालयहरूले स्थानीय यातायातको दररेट निर्धारण गरेको भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको, स्वास्थ्य संस्थाहरू बिना दर्ता सञ्चालन हुने गरेका, मूल्य सूची नराख्ने, ग्रामीण भेगहरूमा डिजेल, पेट्रोल खुला रूपमा बिक्री हुने गरेका, म्याद गुज्रिएका सामानको बिक्री वितरण हुने गरेका, नापतौलमा एकरूपता नहुने जस्ता समस्याहरू अनुगमनको क्रममा पाइएको थियो।

विशेष पर्वहरूको समयमा दैनिक उपभोग्य वस्तुहरू चामल, दाल, चिनी, तेल, दु:ध, मिठाइ, माछा/मासु, ग्याँस, औषधी, फलफूल, तरकारीलगायतका बस्तुहरूको गुणस्तरमा उठ्ने प्रश्न र त्यस्ता अखाद्य र मिसावटयुक्त वस्तुको उपभोगले उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हितमा पार्ने प्रभाव तथा नापतौलमा कमी, उपभोग्य वस्तु तथा सेवाको खरीद तथा बिक्री मूल्य पारदर्शी नहुनेजस्ता समस्याहरू कायम नै रहेको देखिन्छ। अनुगमन नियमित नहुने तथा एक पटक अनुगमन भएपछि पुन:निरन्तता दिने नगरिएको आयोगको अनुगमनबाट देखिएको छ।

**महिला अधिकार**

कानुनी र संस्थागत व्यवस्थाका बाबजुद् सबै महिलाहरूले व्यवहारत: सम्मानजनक रूपमा अधिकारहरूको उपभोग गर्न सकेका छैनन्। नेपालमा महिला सशक्तिकरणका मुद्दालाई उल्लिखित सूचकको आधारमा विश्लेषण गर्दा महिलाहरूको राजनीतिक सहभागिता अर्थपूर्ण हुन सकेको छैन।

महिलामाथि हुने हिंसाका घटनाहरूमा अपराधीले सजिलै उन्मुक्ति पाउने अवस्थाले दण्डहीनतालाई थप प्रश्रय दिएको छ। कतिपय अवस्थामा महिला हिंसाका घटनाहरू सम्बन्धित निकाय समक्ष नपुग्ने र मेलमिलाप गरेर टुङ्ग्याउने गरिँदा महिलाहरूको न्यायिक अधिकारको सम्मान हुन सकेको छैन। महिला हिंसाका घटनामा उजुरी परिवारका विरुद्ध गर्नुपर्ने र पुन: सोही घरमा आएर बस्नुपर्ने हुँदा महिलाहरू पीडित भएर पनि कतिपय घटनाहरू सार्वजनिक हुँदैनन। कतिपय महिला हिंसाको घटनामा उजुरी दर्ता गराएपश्चात् घरपरिवार तथा आफन्तबाट नै उजुरी फिर्ता लिन वा मिलापत्र गराउन दवाब आउने गरेको पाइएको छ। घरेलु हिंसा, बलात्कार, बेचबिखन, बहुविवाह, छाउपडी प्रथा अहिले पनि विद्यमान छ। घरेलु हिंसामा व्यापक बढोत्तरी भइरहेको छ। समय र विकासक्रम सँगसँगै महिलामाथि हुने विभेद, हिंसाको प्रकार र रूप पनि फरक हुँदै गइरहेको छ। यस आर्थिक वर्षमा महिला अधिकार विरुद्धका नौ ओटा उजुरीहरू आयोगमा दर्ता हुन आएका छन्।

**बाल अधिकार**

बालबालिकाको जन्मदर्तासम्बन्धी अवस्था हेर्दा पाँच वर्ष वा सोभन्दा कम उमेरका कुल ३० लाख सात हजार ६ सय ४८ जना बालबालिकामध्ये ७४.० प्रतिशतको मात्र जन्मदर्ता भएको देखिन्छ। भौगोलिक आधारमा हेर्दा हिमालमा ८१.९ प्रतिशत, पहाडमा ७३.१ प्रतिशत र तराईमा ७३.७ प्रतिशत देखिन्छ। प्रदेशगत रूपमा सबैभन्दा बढी कर्णाली प्रदेशमा ८७.३ र सबैभन्दा कम बागमती प्रदेशमा ६७ प्रतिशतले मात्र जन्म दर्ता गरेको देखिन्छ।

बालबालिकाको शिक्षा विकासका लागि अनेकन कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। स्वास्थ्य र पोषणसँग सम्बन्धित कार्यहरूमा विभिन्न खोपहरूका लागि राष्ट्रिय खोप, सुनौलो हजार दिन, राष्ट्रिय पोषण, भिटामिन "ए" वितरण, बहुक्षेत्रीय पोषण कार्यक्रम, कुपोषण पुन:स्थापना, एकीकृत बाल स्वास्थ्य, समुदायमा आधारित नवजात शिशु तथा बालरोग व्यवस्थापन, एचआईभी/एड्स नियन्त्रण तथा उपचारलगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। देशभर दलित समुदायका बालबालिकालाई पोषण भत्ता, अति दुर्गम हिमाली र पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरीका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हेलिकप्टरबाट सुक्षित उद्धार र उपचार सहयोगजस्ता कार्यक्रमहरू चलिरहेका छन्। यसका अतिरिक्त तोकिएका स्वास्थ्य संस्थाहरूमा तोकिएका स्वास्थ्य सेवा र औषधिहरू नि:शुल्क प्रदान गर्ने गरिएको छ। बालमैत्री विद्यालयको सङ्ख्या अत्यन्त न्यून रहेको देखिन्छ।

बाल अधिकार संरक्षणको लागि सरकार, सरकारका निकायहरू र गैरसरकारी सङ्घसंस्थाहरूमार्फत निरन्तर प्रयास हुँदै आएको छ। गरिबीको दीर्घकालीन प्रभाव वयस्कभन्दा बालबालिकामा बढी पर्दछ। नेपालमा बालबालिकाको अधिकारसँग सम्बन्धित नीतिगत र कानुनी व्यवस्थाहरू बालअधिकारमैत्री देखिए पनि यी व्यवस्थाहरूको कार्यान्वयनको पक्ष प्रभावकारी बनाउनु आवश्यक छ।

**जातीय भेदभावविरुद्धको अधिकार**

जातीय विभेद विरुद्धको हकलाई संवैधानिक सुनिश्चितता गरिए पनि व्यवहारिक कार्यान्वयनको अवस्था कमजोर देखिन्छ। राजनीतिक, सामाजिक र सांस्कृतिक रूपमा दलित समुदायले कुनै न कुनै प्रकारको विभेदको सामना गरिरहनुपरेको आयोगको अनुगमनबाट पाइएको छ। आयोगले दलित समुदायको हक अधिकारका संरक्षणका सवालमा अनुसन्धान, अनुगमन तथा विभिन्न प्रवर्द्धनात्मक सचेतनामूलक कार्यक्रमहरू मार्फत् सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्दै आएको छ।

हाल प्रतिनिधित्व भएका स्थानीय तहहरूमा पनि गैरदलित जनप्रतिनिधिले असहयोग गर्ने तथा विभिन्न प्रकारका षड्यन्त्र गरी कार्य सम्पादनमा प्रतिकूल असर पारिरहेको गुनासाहरू आउने गरेको छ । विशेष गरी, स्थानीय दलित महिला वडा सदस्यलाई सम्बन्धित वडा अध्यक्षहरूबाट सम्मानजनक व्यवहार नगर्ने तथा दलित महिला वडा सदस्यको प्रतिनिधित्वलाई गौण रूपमा हेरिने गरिएको, वडामा हुने विभिन्न निर्णय प्रक्रिया, दलितमैत्री बजेट निर्माण, नीति, कार्यक्रम तथा योजना तर्जुमालगायत कार्यमा दलित महिला जनप्रतिनिधिलाई अनिवार्य रूपमा सहभागी नगराउने गरेको भनाइ अनुगमन तथा अन्तरक्रियाको क्रममा दलित जनप्रतिनिधिहरूबाट आउने गरेको छ।

यस आर्थिक वर्षमा जातीय भेदभावविरुद्धका दुई उजुरी आयोगमा दर्ता भएको र अनुसन्धान सम्पन्न भई निर्णयको प्रक्रियामा छन्।

### अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

संविधान, ऐन कानुनमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा संवर्द्धनको लागि विविध व्यवस्थाहरू भए पनि प्रभावकारी कार्यान्वयन नहुँदा उनीहरूले मानव अधिकार उपभोगको महसुस गर्न पाएका छैनन्। आयोगका कार्यालयहरूमा प्राप्त भएका सूचना, जानकारी तथा अनुगमन, छलफलबाट प्राप्त तथ्यहरूलाई विश्लेषण गर्दा नकारात्मक सामाजिक धारणा तथा अपाङ्गतामैत्री सोचको अभावका कारण अपाङ्गता भएका व्यक्तिहरूमाथि विभिन्न व्यवहारगत तथा सामाजिक विभेदहरू हुने गरेको पाइएको छ। शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक सहभागिता लगायतका क्षेत्रमा सुनिश्चितता हुन सकेको छैन। अपाङ्गता भएकै आधारमा विभिन्न भेदभाव, हिंसा, बलात्कार भएका घटनाहरू विभिन्न सञ्चार-माध्यमहरूमा आउने गरेका छन्। नयाँ नियुक्ति तथा सरुवा भएर एक विद्यालयबाट अर्को विद्यालयमा जाँदा अपाङ्गता भएका शिक्षकहरूलाई विद्यालयले विभिन्न कारणहरू देखाइ हाजिर नगराएको भनी आयोगको कार्यालयमा जानकारी प्राप्त भएको छ ।

मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू अझै पनि उपचार अभावमा खोरमा थुनिनुपर्ने, वाधिएर वस्नुपर्ने तथा अमानवीय जीवन बिताउन परेको अवस्था कायमै छ। अनौपचारिक क्षेत्र तथा दैनिक ज्यालादारी मजदुरीमा अपाङ्गता भएका व्यक्तिहरूलाई कम प्राथमिकतामा राख्ने गरिएको छ। अपाङ्गता भएका बालबालिकालाई विद्यालयले भर्ना लिन अस्वीकार गर्ने, अपाङ्गतामैत्री पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलव्ध हुन नसकेको, नीति निर्माण तहसम्म अझै पनि अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच सुनिश्चित हुन नसकेको तथा उनीहरूलाई अधिकारको दृष्टिकोणबाट भन्दा पनि दयामायाका दृष्टिले हेर्ने गरिएको पाइएको छ। यस आर्थिक वर्षमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा चार ओटा उजुरीहरू आयोगमा दर्ता भएका छन्।

### आप्रवासी कामदारहरूको अधिकार

योग्यता, क्षमता र छनौटअनुसार रोजगारी प्राप्त गर्नु प्रत्येक व्यक्तिको अधिकार हो। आप्रवासी कामदारहरूको हक र अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा विविध व्यवस्थाहरू गरिएको छ। नेपालबाट जाने अधिकांश श्रमिकहरूको गन्तव्य मुलुक मलेसिया, कतार, युएई र साउदी अरब रहेको देखिन्छ। रोजगारदाताबाट प्राप्त मागका आधारमा वैदेशिक रोजगार निकायले संस्थागत श्रम स्वीकृतिमा तेस्रो मुलुक पठाउँछन्। व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने व्यक्ति आफैँ वा आफन्तमार्फत काम खोजी गरी व्यक्तिगत श्रम स्वीकृति लिई जाने प्रचलन पनि छ। श्रम स्वीकृतिबिना वा गैरकानुनी रूपमा तेस्रो मुलुक जाने/लैजाने गरेको तथ्यहरूसमेत पाइएका छन्।

भारतमा रोजगारीको लागि बिनाश्रम स्वीकृति (जसलाई वैध मानिने गरेको छ) जाने सङ्ख्या पनि उत्तिकै छ। नेपालबाट भारतमा जाने नेपाली कामदारहरूको सङ्ख्या धेरै भए पनि यसको एकीन तथ्याङ्क कुनै निकायसँग छैन। नेपालसँग सीमा जोडिएकोले कम लागतमा जान सकिने तथा श्रम स्वीकृतिसमेत लिनु नपर्ने भएको कारण नेपालका कर्णाली र सुदूरपश्चिम प्रदेश र सीमावर्ती क्षेत्रका अधिकांश युवाहरूको आकर्षण भारतमा हुने गरेको पाइएको छ। विदेशमा रहने नेपालीहरूको सङ्ख्या करिब ३५ लाख रहेको अनुमान विभिन्न सर्वेक्षणहरूले औँल्याएका छन्।

वैदेशिक रोजगारसम्बन्धी ज्ञानको अभावको कारण रोजगारीमा जाने कतिपय नेपालीहरू एकातिर प्रस्थानअघि नै ठगीमा पर्ने गरेका छन्। अर्कातर्फ विदेशी भूमिमा पुगेपछि आवश्यक सीप र दक्षताको अभावमा रोजगारदाता कम्पनीबाट प्रताडना भोग्ने गरेका छन्। वैदेशिक रोजगारीकै सिलसिलामा ज्यान गुमाउने र अङ्गभङ्ग हुनेको सङ्ख्यामासमेत कमी भएको देखिँदैन।

आप्रवासी कामदारहरूको हक र अधिकार सुनिश्चित गर्नको लागि विभिन्न नीतिगत र कानुनी व्यवस्था भए पनि कार्यान्वयनको पक्ष कमजोर छ। यसको असर कामदारहरूले गन्तव्य मुलुकमा प्रस्थानपूर्व र पुगिसकेपछि कार्यस्थलमा र स्वदेश फर्किंदासम्मको अवस्थामा भोग्नुपरेको छ। यस यथार्थलाई मध्यनजर गर्दै आप्रवासी श्रमिकको भर्ना प्रक्रिया व्यवस्थित गर्न, गन्तव्य मुलुक र स्वदेशमा आप्रवासी श्रमिकहरूको न्यायमा पहुँच बढाउन, द्रुत उद्धार, सम्मानजनक फिर्ती र दिगो पुन:एकीकरण सुनिश्चित गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ।

### आदिवासी जनजातिको अधिकार

नेपालले आदिवासी जनजातिको अधिकारसम्बन्धी महासन्धिहरूको अनुमोदन तथा सोसम्बन्धी घोषणा पत्रहरूको कार्यान्वयन मा

प्रतिबद्धता जनाएको छ। विगतका तुलनामा आदिवासी जनजातिहरूको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षहरू सुधारोन्मुख नै देखिए पनि अपेक्षाकृत सुधार हुन सकेको छैन। मुलुक सङ्घीय प्रणालीमा गएसँगै आदिवासी जनजातिहरूको राजनीतिक प्रतिनिधित्व बढ्दै गएको देखिन्छ। सबैजसो स्थानीय तहहरूमा कुनै न कुनै रूपमा आदिवासी जनजातिहरूको प्रतिनिधित्व रहेको देखिन्छ। केही स्थानीय तहहरूमा आदिवासी जनजातिहरूकै नेतृत्व रहेको छ। तर, यस्तो प्रतिनिधित्व आर्थिक, सामाजिक र राजनीतिक पहुँच भएका व्यक्तिहरूसँग मात्र भएकोले ग्रामीण र विकट भौगोलिक क्षेत्रमा बस्ने कुनै किसिमको पहुँच नभएका आदिवासीहरूको अवस्था भने कमजोर नै देखिएको छ। हाल निजामती सेवामा आदिवासी जनजातिहरूको प्रतिनिधित्व १० प्रतिशत रहेको छ। जनसङ्ख्या प्रतिशतको हिसाबले आदिवासी जनजातिहरूको राजनीतिक र सार्वजनिक सेवामा पर्याप्त प्रतिनिधित्व नभए पनि तुलनात्मक रूपमा सुधारोन्मुख नै रहेको मान्न सकिन्छ। आदिवासी जनजातिहरूभित्र पनि राउटे, सुरेल, कुसुन्डा, माझी, चेपाङजस्ता लोपोन्मुख समुदायहरूको अवस्था भने अत्यन्तै निराशाजनक छ।

आयोगले गरेको अनुगमनबाट प्राप्त हुन आएका जानकारीका आधारमा विकास आयोजनासँग सम्बन्धित गतिविधिहरूले आदिवासी जनजातिका अधिकारहरू जोखिममा परेको पाइएको छ। धेरैजसो ठूला विकास निर्माणका आयोजनाहरूमा सरकार, आयोजना र सरोकारवाला पक्षको विवादले आयोजना पूर्वनिर्धारित समयमा सम्पन्न हुननसक्दा त्यसको प्रत्यक्ष असर स्थानीयवासीको हैसियतमा रहेका आदिवासी जनजातिलगायतमा परेको पाइएको छ। निर्माणाधीन मर्स्याङ्दी कोरिडोर (मनाङ-उदीपुर) २२० केभी प्रशारण लाइन आयोजनाले आदिवासी जनजाति लगायत स्थानीयवासीको मानव अधिकार उपभोगमा समस्या सिर्जना गरेको भनी आयोगमा प्राप्त जानकारीको आधारमा आयोगले मनाङ-लमजुङ खण्डको स्थलगत अनुगमनमा सार्वजनिक सुनुवाइ, प्रभावित स्थानीय आदिवासीहरूलाई जग्गाप्राप्ति, प्रसारण लाइन विस्तार, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन लगायतका विषयहरूमा पर्याप्त सूचना दिइएको पाइएन।

सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नपा-८ मा निर्माणाधीन सोलु हाइड्रोले स्थानीय जनजातिहरूको अधिकार हनन् भएको भनी आयोगमा परेको उजुरी सम्बन्धमा आयोगले छानबिन गरी सिफारिस गरेको छ। यस्ता आयोजनाहरूका सम्पूर्ण प्रक्रियामा समाजका अगुवा, राजनीतिक व्यक्तिको उपस्थिति र प्रभावका कारण साधारण नागरिकहरूको अधिकार जोखिममा पर्ने गरेको पाइएको छ। आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९, अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि (नं १६९) बमोजिम प्रत्यक्ष रूपमा प्रभाव पार्न सक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका योजना र कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा प्रभावितहरूको सहभागिता हुनुपर्ने, उनीहरूको सांस्कृतिक मूल्यहरू, स्वामित्व र भोगाधिकारलाई मान्यता दिनुपर्ने लगायतका व्यवस्थाहरूको प्रत्याभूत भएको देखिँदैन।

यस आर्थिक वर्षमा आदिवासी जनजातिहरूको हक अधिकार हनन् भएको भनी दुई ओटा उजुरीहरू आयोगमा दर्ता भएका छन्।

### ज्येष्ठ नागरिकको अधिकार

ज्येष्ठ नागरिकहरूको मानव अधिकारको सम्मान र संरक्षण हुन सकेको देखिँदैन। गरिबी, पारिवारिक कलह र बिखण्डन, सामाजिक र नैतिक मूल्यमान्यतामा आएको ह्रासको असर ज्येष्ठ नागरिकमा परेको देखिन्छ। चेतनामा कमी, सन्तानमा जिम्मेवारी बोधको समस्या, पुस्ताबीचको विचारमा द्वन्द्व, एकान्त र धार्मिकस्थलको खोजीजस्ता कारण पनि ज्येष्ठ नागरिकहरू वृद्धाश्रममा आश्रय लिन बाध्य छन्। वृद्धाश्रममा रहेका अधिकांश ज्येष्ठ नागरिकहरू कुनै न कुनै पारिवारिक, मनोवैज्ञानिक तथा सामाजिक समस्या र शारीरिक रोगबाट पीडित छन्। बढ्दो उमेरका कारण असक्तता, उचित खानपानको अभाव, स्वास्थ्य समस्या, पारिवारिक र मानवीय व्यवहारमा कमी, कतिपय नागरिकता प्राप्तिबाट वञ्चित, समाजविहीन, एक्लो जीवन बाँच्नुपर्ने बाध्यता, परिवारका सदस्यहरूबाट रुखो व्यवहार आदि ज्येष्ठ नागरिकले भोग्नुपरेका साझा समस्याको रूपमा रहेका पाइएका छन्। बसाइसराइ, वैदेशिक रोजगारी लगायतका कारणबाट संयुक्त परिवार एकल परिवारमा परिणत हुँदा यसको असर ज्येष्ठ नागरिकमाथि परेको छ। आर्थिक रूपमा कमजोर रहेका कतिपय ज्येष्ठ नागरिकहरू हातमुख जोड्न विभिन्न प्रकारका श्रम गर्न बाध्य भएको आयोगको अनुगमनबाट पाइएको छ।

आश्रममा रहेका कतिपय ज्येष्ठ नागरिकहरूको नागरिकता नहुँदा सामाजिक भत्ता र स्वास्थ्य सुविधा

आदिबाट वञ्चित हुनुपरेको देखिन्छ। कतिपय सम्पन्न र शिक्षित परिवार नै आमाबाबुलाई आश्रममा पुऱ्याउन संलग्न रहेको अनुगमनमा पाइएको छ। वृद्धाश्रममा रहेका ज्येष्ठ सदस्यलाई परिवारबाट खोजीनीति नहुने, कतिपयलाई घरपरिवारको बारेमा अनविज्ञ रहेको पाइएको छ भने कतिपय आश्रम सञ्चालकहरूले गर्ने व्यवहार, शिष्टाचार मानवीय प्रकृतिको नभएको, खाना पान, सरसफाइ आदिमा ध्यान दिने गरेको पाइएन। ज्येष्ठ नागरिकहरूका लागि अस्पतालमा छुट्टै ज्येष्ठ नागरिक उपचार कक्ष (जेरियाट्रिक वार्ड) व्यवस्था एवम् आवश्यक जनशक्तिको व्यवस्थापन भएको छैन। ज्येष्ठ नागरिकहरूका लागि स्वास्थ्य बीमा कार्यक्रमसमेत प्रभावकारी देखिएको छैन। सार्वजनिक यातायात र स्वास्थ्य क्षेत्रमा शुल्क छुट दिने सरकारी निर्णय कार्यान्वयन हुन सकेको पाइँदैन।

**विकास र वातावरणको अधिकार**

आयोगले गरेको अनुगमनका क्रममा विकासका कार्यक्रमहरू मानव अधिकारमैत्री वा वातावरणमैत्री देखिएका छैनन्। विकास निर्माणका प्राय:जसो आयोजनाहरू अधिकांश पहुँचवाला, समाजका अगुवा तथा राजनीतिक व्यक्तिको संलग्नतामा हुने हुँदा वातावरणीय पक्ष र स्थानीय नागरिकको अधिकारप्रति पर्याप्त ध्यान नदिने गरेको पाइएको छ। अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुँदा अनिवार्य वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानुनी व्यवस्था कागजी प्रक्रियामा मात्र सीमित हुने गरेको छ। पहुँच, जवाफदेहिता, पारदर्शिता, मर्यादा, पहिचान, समानता, सशक्तिकरण, समावेशिता, विविधता, निष्पक्षता र ऐक्यबद्धता लगायतका विषयहरू मानव अधिकारमुखी विकास पद्धतिका मूल्य मान्यताहरू हुन्। विकासको प्रतिफल उपभोग गर्न पाउने अधिकारको सम्मान र परिपूर्ति गर्ने दायित्व राज्यलाई तोकेको छ। राज्य पक्ष भएको अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तलाई पूर्ण रूपमा सम्मान गरिनुपर्दछ। तर, नेपालमा सञ्चालित सबैजसो विकाससम्बन्धी योजना र परियोजनाहरूका कुनै पनि प्रक्रियामा सर्वसाधारण नागरिक, प्रभावित व्यक्तिहरू एवम् सरोकारवाला कसैको पनि सहभागिताको सुनिश्चितता हुन सकेको देखिँदैन।

**व्यवसाय र मानव अधिकार**

व्यवसाय र मानव अधिकारको संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशक सिद्धान्तको नेपालमा कार्यान्वयनका लागि नेपाल सरकारले व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार पारेको छ। आयोगले विगत केही वर्षदेखि व्यवसाय र विकासको अधिकारलाई विषयगत अधिकृत तोकी अध्ययन, अनुसन्धान र अनुगमन लगायतका कार्यहरू गर्दै आएको छ। सरोकारवालाहरूसँग छलफल र अन्तरक्रियात्मक कार्यक्रमहरू समेत गर्दै आएको छ। नेपालमा सञ्चालित विभिन्न ठूला आयोजना तथा परियोजनाहरूको सुझावसहितको सिफारिससमेत गर्दै आएको छ।

विद्युत् प्राधिकरण र दातृनिकाय समेतको लगानीमा निर्माण गर्न लागिएका हाइड्रो पावरअन्तर्गत जलविद्युत् आयोजनाको जलाशय क्षेत्रमा पर्ने जग्गा र सोमा पर्ने घर अन्य व्यवसाय र संरचनाहरू प्राप्त गर्ने क्रममा स्थानीय आदिवासी जनजातिहरूको स्वतन्त्र र अर्थपूर्ण परामर्श एवम् सहभागिता नगराएको, विभेदपूर्ण ढङ्गले मुअब्जा निर्धारण गरिएको अनुगमनमा पाइएको छ। मर्स्याङ्दी कोरिडोर (मनाङ-उदीपुर) २२० के.भि. प्रशारण लाइन आयोजनाको मनाङ-लमजुङ खण्ड र काठमाडौँ जिल्ला शंखरापुर नपा ३, बोजिनीमा नेपाल विद्युत प्राधिकरणले निर्माण गर्न लागेको विद्युत सवस्टेसन तथा विद्युत प्रसारण लाइन बिस्तारसम्बन्धी आयोजनाहरूको स्थलगत अनुगमन गर्दा दुबै आयोजनाहरूका कुनै पनि प्रक्रियामा प्रभावित स्थानीय नागरिकहरूको अधिकारलाई पर्याप्त ध्यान दिएको पाइएन। सोलुखुम्बु जिल्लाको अपर सोलु हाइड्रोबाट स्थानीय नागरिकहरूको जनजीवन प्रभावित भएको भनी पीडितहरूको तर्फबाट आयोगमा परेको उजुरीउपर आवश्यक अनुसन्धान सम्पन्न गरी निर्णयसहित सम्बन्धित निकायहरूलाई सिफारिस गरेको छ। त्यसै गरी वैकल्पिक समाधान प्रदान नगरी सडक विस्तार एवम् द्रुत मार्ग (फास्ट ट्र्याक) निर्माण गर्दा स्थानीय बासिन्दाहरूको आर्थिक, सामाजिक आधिकार जोखिममा परेको भनी गुनासाहरू प्राप्त भएका छन्। उखु मिलहरूबाट किसानले उखुको मूल्य नपाएका विषयहरू पनि बेलाबखत सार्वजनिक भई नै रहन्छन्। सिर्सिया नदी प्रदूषणबाट नदीको तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकहरूमा छाला र क्यान्सरजन्य रोग सङ्क्रमण भएको भन्दै २०८० जेठ १४ गते पीडितहरूले काठमाडौँको माइतीघर मण्डलामा अनसन बसेका थिए।

## श्रमिकको अधिकार

नेपाल सरकारले औपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा जाने श्रमिकलाई मात्र सामाजिक सुरक्षा कोषमा समेट्दै आएकोमा पाँच वर्षपछि अनौपचारिक क्षेत्रका श्रमिकलाई पनि सामाजिक सुरक्षाको दायराभित्र ल्याउने कार्यक्रमको सुरुवात गरिनुले अनौपचारिक क्षेत्रमा आबद्ध भएका श्रमिकहरूको श्रमको सुरक्षालाई सुनिश्चित गरेको देखिएको छ। नेपालको श्रमबजारमा अनौपचारिक आर्थिक क्रियाकलापहरू बढी हुने गरेको पाइन्छ। औपचारिक क्षेत्रमा रोजगारी नपाएपछि अनौपचारिक क्षेत्रमा सहभागी हुने वा वैदेशिक रोजगारीको खोजीमा विदेश पलायन हुने अवस्था दिन प्रतिदिन तीव्र हुँदै गएको देखिन्छ। नेपालको आर्थिक तथा सामाजिक महत्त्वपूर्ण पाटोको रूपमा श्रम आप्रवासन रहेको छ ।

आयोगको उच्चस्तरीय अनुगमन टोलीले झापा र इलामका चिया वगानमा कार्यरत श्रमिकको मानव अधिकार अवस्था स्थलगत अनुगमनको क्रममा त्यहाँ कार्यरत श्रमिकको हकमा श्रम ऐन, २०७४ कार्यान्वयन नभएको पाइएको छ। चिया बगानमा करिब ८० प्रतिशन महिला श्रमिकहरू र बालबालिकाहरू समेत श्रममा सहभागी हुने गरेको जानकारी आयोगले प्राप्त गरेको छ। चिया बगानमा श्रमिकलाई शौचालय र खानेपानीको अभाव रहेको, श्रमिक बस्ने घरको धुरीबाट पानी चुहिने, हावाहुरी आएको अवस्थामा बस्न नसकिने अवस्थामा रहेको लगायतका समस्या अनुगमनका क्रममा पाइयो।

नवलपरासी, तनहुँ र कास्की जिल्लाका विभिन्न उद्योग प्रतिष्ठानहरूमा श्रम ऐन, २०७४ को पूर्ण कार्यान्वयन भएको पाइएन। सामाजिक सुरक्षा कोषमा केही उद्योग प्रतिष्ठान तथा कम्पनी समावेश भए पनि अन्य बाँकीलाई समेटेको पाइएन। महिला श्रमिकमाथिको हिंसा र विभेद छिटफुट रूपमा भइरहेको अनुगमनमा पाइएको छ।

## मानव बेचबिखनविरुद्धको अधिकार

मानव बेचबिखन तथा ओसारपसार विश्व बजारमा कम जोखिममा अति नै लाभयुक्त आपराधिक उद्योगको रूपमा फस्टाउँदै गइरहेका सन्दर्भमा नेपाल पनि यो समस्याबाट अछुतो रहन सकेको छैन। नेपालमा विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन एक गम्भीर समस्या र चुनौतीको रूपमा रहेको छ। मानव बेचबिखनबारे एकीन तथ्याङ्क पाइँदैन। भारतसँगको खुला सीमाना र वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षण मानव बेचबिखनका दलालहरूका लागि चलखेलको विषय बन्न पुगेको छ। परिणामस्वरूप मानव बेचबिखनसम्बन्धी अपराधका घटनाहरू विगत तीन वर्षको तथ्याङ्क विश्लेषण गर्दा बढोत्तरी नै भएको देखिन्छ। यस्ता घटनाबाट पीडित हुनेमा महिला ५०.२४ प्रतिशत छन् भने बालिकाको प्रतिशत ३८.८६ छ।

मानवताविरुद्धको अपराधको रूपमा रहेको मानव बेचबिखनको विषयमा आयोगले स्थापनाकालदेखि नै अनुगमन, अध्ययन तथा अनुसन्धान कार्य गर्दै आइरहेको छ। आयोगमा हाल कार्यान्वयनमा रहेको छैठौँ रणनीतिक योजनामा लैङ्गिक समानता, मानव बेचबिखनविरुद्धको कार्य र यसको रोकथाम तथा नियन्त्रणलाई उच्च प्राथमिकता दिएको छ। सन् २०२० मा नेपालले पालेर्मो आलेख अनुमोदन गरेपछि यसको घरेलुकरण गर्ने प्रक्रियामा रहेको छ। राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारलाई पालेर्मो आलेखको घरेलुकरण गर्नका लागि सिफारिससमेत गरेको छ। आयोगबाट पालेर्मो आलेखअनुरूप मानव बेचबिखन नियन्त्रणसम्बन्धी भएका कानुनहरूको सुधारका विषयहरूको पहिचान गरी संशोधन र परिमार्जनका लागि नागरिक समाजसँग परामर्श गरी कार्यप्रक्रिया अगाडि बढाएको छ।

## मानव अधिकार रक्षकको अधिकार

मानव अधिकार रक्षकहरूको घोषणपत्रको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि संयुक्त राष्ट्रसङ्घ मानव अधिकार आयोगले सन् २००० मा मानव अधिकार रक्षकसम्बन्धी विशेष समाधीक्षकको स्थापना गरेको थियो। समाधीक्षकमार्फत मानव अधिकार रक्षकहरूको सुरक्षा, संरक्षण, मान्यता र पहिचानलाई जोड दिएर विशेष कार्यहरू हुँदै आएको छ। स्थानीय, क्षेत्रीय र राष्ट्रिय रूपमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको सूचना, तथ्य र जानकारी मानव अधिकार रक्षकहरूसँग रहने हुँदा सूचना सङ्कलन, सम्प्रेषण, उद्धार, संरक्षण, न्याय र पुन:स्थापनाको लागि मानव अधिकारकर्मीको हैसियतमा सहकार्य र समन्वयात्मक सम्बन्ध रहने गरेको पाइन्छ। नेपालमा मानव अधिकार उल्लङ्घनका घटनामा सम्बन्धित पक्षलाई जवाफदेही बनाउन, दण्डहीनताको अन्त्य गर्न, मानव अधिकार शिक्षाको प्रवर्धन गर्न र पीडितको अधिकारको संरक्षणजस्ता कार्यमा मानव

अधिकार रक्षकहरूले अग्रणी भूमिका निर्वाह गर्दै आएका छन्।

पछिल्लो समय व्यक्तिगत लाभ, सीमित स्वार्थसमूह र पहुँचको लागि मानव अधिकार रक्षकको रूपमा आफूलाई चिनाउने चाहने व्यक्तिहरूको हावी भइरहेको सन्दर्भमा आयोगले मानव अधिकार रक्षकहरूको पहिचान र अभिलेखीकरणसहित सुरक्षा र सम्मानको विषयमा आवश्यक नीति नियमहरू बनाउनेतर्फ सक्रियतापूर्वक कार्य गरिरहेको छ। त्यसको लागि मानव अधिकार रक्षकको अधिकार र अवस्था सम्बन्धमा अनुगमन, छलफल, अन्तक्रियात्मक कार्यक्रममार्फत वकालत र पहल गर्दै आएको छ। मानव अधिकार रक्षकहरूको अवस्था अनुगमन र मानव अधिकार रक्षकविरुद्ध भएका मानव अधिकार उल्लङ्घनका उजुरीहरूमाथि अनुसन्धानको साथै सिफारिस पनि गर्दै आइरहेको छ। यस प्रकृतिका कार्यलाई नियमित, व्यवस्थित र चुस्त बनाउन सम्पर्क अधिकृत तोकी कार्य अगाडि बढाएको छ।

**एचआईभी एड्स सङ्क्रमित व्यक्तिहरूको अधिकार**

विश्वव्यापी आधुनिकीकरण, शहरीकरण, बसाइ सराइ, आप्रवासन, वैदेशिक रोजगार, आर्थिक अवस्था, विलासी जनजीवन, खुला यौनसम्पर्क लगायतका कारणहरूबाट एचआईभी एड्स सङ्क्रमण एक व्यक्ति वा स्थानबाट अर्को व्यक्ति वा स्थानमा विस्तारित हुँदै गएको देखिन्छ। तर एड्सका कारणले मृत्यु हुनेको सङ्ख्या सन् २०१० को तुलनामा ६५ प्रतिशतले घटेको देखिन्छ।

आयोगले सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशमा बसोबास गर्ने एचआईभी एड्स सङ्क्रमित व्यक्तिहरूको मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन गरेको छ। सो क्रममा सङ्क्रमितहरू एचआईभी एड्सबाट सङ्क्रमित हुने र कसरी जोगिने अवस्थाको विषयमा जानकार रहेको पाइएको छ। पछिल्लो समय एचआईभी एड्स सम्बन्धी सन्देशमुलक/जनचेतनात्मक कार्यक्रममा सुस्तता आएको देखिन्छ। भौगोलिक विकटताको कारण पहाडी तथा दुर्गम जिल्लामा सबै एआरटी सेन्टरहरू सहज पहुँचमा रहेका छैनन्। औषधी प्राप्त गर्ने स्थान र सङ्क्रमितको स्थायी बसोबासको भौगोलिक दूरी टाढा पर्ने भएकाले नियमित औषधी प्राप्त गर्न कठिनाई भएको पाइएको छ।

एचआईभी एड्सबाट सबैभन्दा बढी जोखिममा भारतमा श्रम गर्न जाने व्यक्तिहरू परेको देखिन्छ। त्यस्तै सीमावर्ती क्षेत्रहरूमा यौनजन्य गतिविधिहरू बढी हुने गरेको पाइएको छ। यी र यस्ता गतिविधिहरू र यौन कार्यलाई पेसाको रूपमा लिने व्यक्तिहरूका कारणबाट उनीहरूका परिवारका सदस्यहरू जोखिममा परेका देखिन्छन्। पछिल्लो समय धेरैजसो सङ्क्रमितहरू आफैं खुल्ने गरे पनि ग्रामीण क्षेत्रमा भने खुल्न अझै सहज छैन। एचआईभी परीक्षणको सुविधा आफ्नै घरनजिक भए पनि समाजका व्यक्तिले थाहा पाउने डरले घरदेखि परको स्वास्थ्य संस्थामा गएर परीक्षण गर्ने र औषधी खाने गरेको अनुगमनमा पाइएको छ।

विद्यालय तहको पाठ्यक्रममा सङ्क्रमितको मर्यादामा आँच पुग्ने शब्दावली प्रयोग भइरहेको भन्ने जानकारी पाइएकोले सोको परिमार्जन गरी सङ्क्रमितहरूको मानव अधिकारको सम्मान र मर्यादालाई अभिवृद्धि गरिनु आवश्यक छ। राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको क्रियाशीलता प्रभावकारी देखिए पनि थप पहुँच बिस्तार गर्नुपर्ने देखिएको छ।

**यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार**

आयोगबाट यस समुदायको अधिकारको अवस्था सम्बन्धमा समय-समयमा अनुगमन तथा अन्तरक्रिया लगायतका कार्यक्रमहरू हुँदै आएका छन्। अनुगमनमा प्राप्त तथ्यहरूलाई हेर्दा प्राय: यस समुदायका व्यक्तिहरू आफ्नै परिवार तथा समाजबाट सामाजिक बहिष्करणमा पर्ने गरेका छन्। फलत: उनीहरू परिवार र समुदायबाट एक्लिन बाध्य देखिन्छन्। घरपरिवार, गाउ-समाज तथा तीनै तहका सरकारले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति गर्ने व्यवहार र हेर्ने दृष्टिकोण समयसापेक्ष र मानव अधिकारमैत्री हुन सकेको छैन। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूले सामाजिक डरका कारण धेरैले आफ्नो पहिचान खोल्न नचाहेको अवस्थाले पनि एकीन तथ्याङ्क आउन नसकेको सम्बन्धित क्षेत्रका अधिकारकर्मीहरूको भनाइ पाइएको छ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूउपर सामाजिक रूपमा विभेदको अलावा पहिचान, रोजगारी तथा समान लिङ्गबीच बिहाबारी लगायतका मानव अधिकारका विषयहरू सम्बोधन हुन नसकेको पाइएको छ। नागरिकता र राहदानी लिँदा लिङ्गको महलमा 'यौनिक अल्पसङ्ख्यक' नलेखी "अन्य" उल्लेख गरिने गरेको पाइन्छ।

यी समुदायले आफ्नो नागरिकता तथा राष्ट्रिय परिचयपत्रमा आफूले रोजेको पहिचान नपाउनु उनीहरूको मानव अधिकारविरुद्ध रहेको देखिन्छ। यी समुदायका व्यक्तिहरूले आफ्नो पहिचान खुलाउँदा परिवारबाट अपहेलना हुने र समाजबाट दुर्व्यवहार खेप्नुपर्ने अवस्थाका कारण धेरै सङ्ख्याका अल्पसङ्ख्यकहरू पहिचानविहीन रहन पुगेको अनुगमनमा पाइएको छ। यो समुदायबाट अहिले राजनीतिक सहभागिता शून्य बराबर रहेको देखिन्छ। आफूलाई घरपरिवार तथा समुदायबाट सुरक्षाको प्रत्याभूति नभएको भन्ने यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायबाट गुनासो आउने गरेको पाइएको छ। सम्मानित जीवन तथा पहिचानको अधिकार सुरक्षित नहुँदा यो समुदाय शिक्षा, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायबाट पहिचानको अधिकार प्राप्त नभएको भनी उजुरी आयोगमा परेको छ। काठमाडौँको बसपार्क क्षेत्रहरूमा प्रहरीले पक्राउ गरी कुटपिटसमेत गरेको भन्ने उजुरीहरू पनि आयोगमा आउने गरेको छ।

सन् २०२३ मा मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिमा राज्यका सबै निकायहरू अझै केन्द्रित भएको देख्न पाइयोस्।

**मुरारिप्रसाद खरेल**
कामु सचिव

## राष्ट्रिय दलित आयोग

मानव अधिकारको दृष्टिमा सन् २०२३ कस्तो रह्यो भन्ने चर्चा गर्ने हो भने नेपालमा यदि कसैको मानव अधिकार हनन् भएको मात्र होइन, उनीहरुलाई मानवको रूपमा उनीहरूको अस्तित्व समेत नस्वीकारिएको समुदाय भनेको दलित नै हो। मानवले पाउने न्यूनतम अधिकार भनेको उसको अस्तित्व स्वीकार हो। नेपाली समाजको जुन मनोविज्ञान छ र त्यसलाई सहीछाप लाउने राज्य संयन्त्र छ। त्यसले दलित समुदायको अन्य अधिकारको परिकल्पना पनि गर्न नदिएको अवस्था छ। नेपाली जनताको सङ्घर्षको फलस्वरूप सङ्घीय गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता जस्ता मूलभूत सवालसहित भएको ऐतिहासिक परिवर्तनबाट किनारीकृत समुदाय, वर्ग, लिङग र क्षेत्रले राज्यबाट जुन विशेष संरक्षण पाउनुपर्ने हो त्यो भइरहेको छैन।

दलित समुदायको प्रत्येक दिनजसो हुने मानव अधिकार हननको विषयमा आवाजहरू प्रशस्तै उठे पनि त्यसलाई टुङ्गोमा पुऱ्याउने सवालमा राज्य बेखबर जस्तै छ। दलित समुदायको सवाल संविधान, ऐनकानुनमा लेखेर मात्र हुँदैन। कानुनमा लेखिएका व्यवस्थाहरु दलित समुदायको जीवनमा देखिनुपर्छ। राष्ट्रिय जीवनमा उनीहरूको भौतिक उपस्थितिको त्यसले मापन गर्छ। सकारात्मक विभेदमार्फत उनीहरूलाई मूलप्रवाहिकरण गर्न अपनाएको विधिमा प्रश्न उठाइनु त्यसकै सङ्केत हो र राज्यले असमावेशीता प्रकट गर्न मिल्दैन। हामी मानव अधिकारकर्मीले उठाउने आवाज र गर्ने पैरवी पनि त्यही हो। यो वर्ष थुप्रै दलित समुदायका मानव अधिकार हनन् भएका छन्। विरगञ्ज पर्सामा महायज्ञ सञ्चालनका क्रममा सामूहिकरूपमा दलित समुदायमाथि अपमान गर्ने जुन काम भयो त्यो कहालीलाग्दो छ। गाउँपालिकाका अध्यक्षले सामूहिक विभेद गरे राज्य कारबाही गर्न तत्पर भएन। ओखलढुङ्गामा मन्दिर प्रवेशको विषयमा प्रजिअ, प्रहरी प्रहरी प्रमुख र नगर प्रमुखले मेलमिलाप गर्न दबाब दिए। मोरङमा सिङ्गो गाउँ नै बहिस्कारमा परेको छ। दलित बस्ती/दलितहरूलाई उजुरी गरे 'न्यायाधीश किन्ने, वकिल किन्ने' भनेर पीडकहरूले धम्की दिइरहेका छन्। यी सामूहिक रूपमा गरिएका विभेदका नमूनाहरू हुन्। यी मात्र होइन, केही आशालाग्दो उदाहरणहरू पनि छन्-रुकुम नरसंहारका अभियुक्तहरूलाई सम्मानित अदालतले सजायको फैसला गरेबाट दलितप्रति कानुनी संरक्षणको अनुभूति भएको छ।

मानव अधिकार संस्कृति निर्माण, मानव अधिकार हननका विपक्षमा इन्सेकजस्तै पैरवी, मानव अधिकार संरक्षणका लागि दरिलो सहकार्य, समन्वय ऐक्यबद्धताबाट नै सभ्य र समुन्नत समाज निर्माण गर्न सकिन्छ।

**देवराज विश्वकर्मा**
अध्यक्ष

## मधेशी आयोग

नेपालको संविधानको भाग २७ र धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ। यो आयोगलाई संवैधानिक निकायको रूपमा चित्रित गरिएको छ। यसबाट के प्रष्टिन्छ भने सामाजिक समावेशिता, मानव अधिकार, संविधानवाद र परिभाषित कानुनी शासनलाई प्रभावकारी रूपमा स्थापित गर्नका

लागि नै यो आयोग बनाइएको हो। संविधानको प्रस्तावनादेखि भाग र धाराहरूमा अक्षरांकित गरिएका मानव अधिकार, समानुपातिक समावेशिता र सामाजिक न्यायप्रति राज्यलाई अझ जिम्मेवार बनाउन सक्रिय भूमिका निर्वाह गर्नुपर्छ भन्ने दायित्वमुखी जिम्मेवारी रहेको छ। मधेशी आयोगको स्थापना वर्ष २०७५ तथा कार्य सञ्चालन वर्ष पनि २०७५ चैत ७ गते नै रहेको छ। स्थापना कालदेखि नै आयोगले प्राप्त संवैधानिक र कानुनत: परिभाषित गरिएका कार्यहरू अहोरात्र सम्पादन गर्दै आएको छ। यसै क्रममा कोभिड-१९ को पहिलो, दोस्रो र तेस्रो लहरको विश्वव्यापी महामारीले नेपाललाई पनि निकै अप्ठ्यारोमा पारेको थियो र अझैसम्म त्यसको नकारात्मक प्रभाव आर्थिक र सामाजिक लगायतका क्षेत्रमा देखा परेकै छ। यसको कुप्रभाव आयोगमा पनि पऱ्यो। प्राप्त संवैधानिक जिम्मेवारी अनुसार "मधेश" शब्द र भूगोलको परिभाषा गरिएको छ। त्यस्तै, मधेशी समुदाय को को हुन् ? परिभाषित गरिएको छ। मधेशीको खण्डिकृत जनसङ्ख्या कति छ? त्यसको लागि मधेश प्रोफाइल र सांस्कृतिक अवस्थाको यथार्थ चित्रणको लागि वृत्तचित्र निर्माण गरिएको छ। मधेशी समुदायको समस्या पहिचान र वर्ग पहिचान गरिएका छन्। पञ्चवर्षीय रणनीतिक योजना तयार गरी सरोकारवालाहरूलाई कार्यान्वयनका लागि सिफारिस गरिएको छ। आयोगले प्राप्त अधिकार अनुसार, अनुगमन, समीक्षा र मूल्याङ्कन गर्ने कार्य गरेको छ। प्राप्त सयकडौँ उजुरीहरूमाथि कारबाहीका लागि कार्य सम्पादन भएको छ। सङ्घीय संसद, प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिमा तीनपटक गहन छलफल गरिएको छ। राष्ट्रिय सभाको महिला तथा सामाजिक मामिला समितिमा तीनपटक गहन छलफल गरिएको छ। राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिसँग सघन छलफल भएको छ। आयोगको स्थापनाकालदेखि वर्तमानसम्म शून्य बेरुजु भएको लगायतका ऐतिहासिक कार्यहरू सुसम्पन्न भएका छन्। यी कालजयी अध्यापन र अनुसन्धानहरू नेपालको इतिहासमै प्रथम पटक भएका छन्। यसैक्रममा आ.व. ०७९/०८० मा आयोगले "राज्यमा मधेशी समुदायको पहुँच" सम्बन्धमा अध्ययन सम्पन्न गरेको छ। यस अध्ययनअनुसार, मधेशी समुदायको पहुँच नेपाली सेनामा ३ प्रतिशत, निजामती सेवामा ८ प्रतिशत, सशस्त्र प्रहरी बलमा ९ प्रतिशत, नेपाल प्रहरीमा १२ प्रतिशत र नेपाल राष्ट्र बैंकमा १२.११ प्रतिशत रहेको छ। यसमा मधेशी दलित, मधेशी आदिवासी जनजाति, थारु, मुस्लिमलगायतका समुदायहरू रहेका छन्।

यसप्रकार सबै जात र समुदायलाई एकत्रित गर्दा जम्मा जनसङ्ख्या ४९ प्रतिशत हुन आउँछ। डिजिटल र हार्डकपी दुवैमा उपलब्ध यो अध्ययन प्रतिवेदनका आधारमा राज्यलाई सिफारिस गरिनेछ। जसबाट मधेशी समुदायको राज्यमा यथेष्ट पहुँचको लागि आधारस्तम्भ स्थापित हुनेछ।

सबै अधिकारमुखी संवैधानिक आयोगहरूसँगको समन्वय र सहकार्यमा लक्षित समुदायको राज्यमा समुचित र न्यायिक पहुँचको लागि आयोगले अहोरात्र कार्य गर्दै आएको छ।

नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको माध्यमबाट आयोगले स्थापनाकालदेखि नै केन्द्रीय तह, प्रादेशिक तह र तराई-मधेशका सीमावर्ती जिल्लाहरूका स्थानीय तहमासमेत नेपाल सरकारको सहकार्यमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ।

आयोग ऐनको प्रस्तावना अनुसार 'इतिहास र संस्कृतिको पहिचान गरी त्यसलाई संरक्षण, संवर्द्धन र सशक्तिकरण गर्नु' प्राप्त वैधानिक जिम्मेवारीअनुसार आयोगले सशक्तिकरण गर्ने अभियानलाई समेत अग्रसारित गरेको छ। यसैक्रममा गरिएका केही कार्य यसप्रकार छन्:

आयोगको ऐनद्वारा प्रदत्त र आयोगबाट निर्णयित "मधेश दिवस" आयोजनाको सम्बन्धमा प्रारम्भिक विमर्श गरिएको छ। तर, राज्यको वेवास्ताका कारण आयोगले सोचेजस्तो काम गर्न सकेको छैन। अधिकार विहीनरूपमा आयोगलाई राख्नु उचित हुँदैन।

(क) मधेशी आयोगको ऐन २०७४ संशोधन गरी सुझाव/सल्लाहको सट्टामा "निर्देशन" शब्द हुनुपर्ने। यस संशोधनबाट आयोगलाई काम गर्न सहज हुनेछ भने अर्कोतर्फ सेवाग्राही र लक्षित वर्गमा विश्वासका वातावरण निर्माण भई आयोगहरूको बीचमा एकरूपता प्राप्त हुनेछ।

(ख) प्रारम्भिक ऐनको व्यवस्थाअनुसार दरबन्दी, तहगत कर्मचारीहरूको व्यवस्था गर्नुपर्ने, यसबाट प्रशासनिक र सेवा प्रवाहमा गर्ने कार्यमा सहजता हुनेछ।

**डा. विजयकुमार दत्त**
अध्यक्ष, मधेशी आयोग

## राष्ट्रिय महिला आयोग

सन्तुलित र न्यायोचित समाजको आधार मानवजाति भित्रको समभाव,सहकार्य र समविकास हो। यस्तो समाज निर्माणको लागि “मानव अधिकार” ले सबै मानवको जस्तै महिलाको पनि समान हैसियत र समान अस्तित्व स्वीकार गर्दै महिला अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा जोड दिन्छ। नेपालमा लैङ्गिक समानता र सशक्तिकरण र कानुनी प्रत्याभूतिसँगै महिला अधिकारको सुनिश्चितताको लागि राष्ट्रिय महिला आयोगको स्थापना गरिएको छ। आयोगले हिंसा पीडित महिलाको समस्या नि:शुल्क टेलिफोन नम्बर “११४५ खबर गरौं” मार्फत अहोरात्र सम्बोधन गर्नुका साथै कानुनी र मानवीय सहायता प्रदान गर्दै आएको छ। साथै अनुगमन र अध्ययनको आधारमा महिलाको हक अधिकार सुनिश्चित गर्नको लागि नीतिगत र व्यवहारगत सुझावहरू प्रदान गरिरहेको छ।

मानव अधिकारको प्राप्ति र प्रक्षेपणको दर्पण महिलाहरूको आर्थिक,सामाजिक,राजनीतिक र शैक्षिक आयामहरूमा हेर्न सकिन्छ। सामाजिक आयामतर्फको मातृस्वास्थ्य र प्रजनन् स्वास्थ्यमा उन्नत मुलुकभन्दा पनि अनुकुल अवस्था रहनु सुखद् विषय हो। तर, अंश खान र वंश चलाउन छोरा नै चाहिने पितृसतात्मक सामाजिक संरचनाको कारण नेपाली महिलाहरूले आफ्नो जीवनका हरेक पक्षमा सम्झौता गर्नुपर्ने तीतो यथार्थ छ।

महिला अधिकार मानव अधिकारको करिब मूल पक्ष भएकैले महिलाको सीप र शिक्षामा लगानी गरी रोजगारी र उद्यम बढाउनु पर्नेछ। कुरीति, अन्धविश्वास र हानिकारक अभ्यासको समूल अन्त्य गर्न लागि अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरण गर्ने कार्यप्रति शून्य सहनशीलताको भाव र चेतना विकास गर्नुपर्ने अवस्था छ। महिला हिंसाका कारुणिक र दर्दनाक घटनालाई शीघ्र सम्बोधन गर्ने गरी न्यायिक संरचनाको ल्याकत सङ्घीयताको कसीमा बढाउनु परेको छ। राजनीतिक संरचनामा महिलाको अङ्कगत मात्र नभई अर्थपूर्ण सहभागिता चाहिएको छ। जाति, वर्ण,भूगोल र बनावटका कारण महिलाभित्रै पनि बहिस्करणमा परेका महिलाहरूको मुद्दा फरक ढङ्गले सम्बोधन गर्नुपर्ने भएको छ।

**पार्वती अर्याल**
सचिव

## आदिवासी जनजाति आयोग

मानव अधिकार संरक्षण र प्रवर्धनका लागि नेपालको संविधानले ३१ ओटा मौलिक हक व्यवस्था गरेको, १३ ओटा संवैधानिक निकायको व्यवस्था भएको तथा विभिन्न ऐन कानुन नीति कार्यविधि तर्जुमा गरिएको भए पनि कार्यान्वयन पक्षमा उदासीनताका कारण मानव अधिकारसम्बन्धी विषयवस्तु ओझलमा परेको देखिन्छ। मानव अधिकारको अवस्था सुधार गर्न राजनीतिक, प्रशासनिक, न्यायिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा सुधार ल्याउन आवश्यक छ। आदिवासी जनजाति आयोग आदिवासी जनजातिका मानव अधिकार संरक्षण, संवर्द्धन र प्रवर्धनका लागि स्थापित भएको र सोही विषयमा क्रियाशील छ। आयोगले आदिवासी जनजाति समुदायका भाषा, लिपी, साहित्य, कला, संस्कृति, परम्परागत ज्ञान र सीप लगायतको संरक्षण र प्रवर्धन गर्नका लागि सरकारलाई सिफारिस गर्ने गर्दछ।

(१) आदिवासी जनजाति समुदायका परम्परागत ज्ञान, सीप र प्रविधिलाई संरक्षण, प्रवर्धन र पुस्ता हस्तान्तरणको अधिकारलाई मानव अधिकारको रूपमा मान्यता दिएर विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्ने, नेपालका आदिवासी जनजाति मूलत: सांस्कृतिक समुदाय भएकाले उनीहरूको संस्कृति संरक्षण र प्रवर्धनका लागि सांस्कृतिक अधिकारलाई मानव अधिकारको रूपमा मान्यता दिएर राष्ट्रिय संस्कृति नीति तथा ऐन पारित गरी तीन तहका सरकारबाट कार्यान्वयन हुनुपर्ने।

(२) अर्मूत सांस्कृतिक सम्पदाको सुरक्षासम्बन्धी महासन्धि, २००३ लाई नेपालले सन् २०१० मा अनुमोदन गरेको भए पनि आदिवासी जनजाति लगायत नेपाली अमूर्त सांस्कृतिक सम्पदालाई युनेस्कोमा सूचीकरण प्रक्रिया सरकारले तत्काल प्रारम्भ गर्नुपर्ने।

(३) आदिवासी जनजाति समुदायको अधिकार संरक्षणका निम्ति संयुक्त राष्ट्रसङ्घले पारित गरेको तथा नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी महासन्धि नं. १६९, आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय

घोषणा पत्र २००७, जैविक विविधता महासन्धि १९९३, नागोया अभिसन्धि २०१० कार्यान्वयनका लागि तत्काल ऐन बनाएर लागु गर्नुपर्ने।

(४) आयोगले सिफारिस गरेको आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना कार्यान्वयनमा ल्याउनुपर्ने।

(५) नेपालको संविधानको धारा ५१ (ञ) (८) को व्यवस्था कार्यान्वयन गर्नुपर्ने।

(६) संविधानको धारा ५६ (५) को व्यवस्था बमोजिम अल्पसङ्ख्यक, सीमान्तकृत वा लोपोन्मुख समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्नुपर्ने।

(७) आदिवासी जनजाति समुदायको प्राकृतिक स्रोत (जल, जमिन र जंगल) माथिको अधिकार उपयोगलाई पनि मानव अधिकारको कोटीमा राख्नुपर्ने।

(८) सबै सार्वजनिक क्षेत्रमा संविधानको भावनाबमोजिम समानुपातिक समावेशिता कार्यान्वयन गर्नुपर्ने।

(९) भाषा आयोगले सिफारिस गरेका आदिवासी जनजाति समुदायका मातृभाषालाई सरकारी कामकाजको भाषा बनाउने र मातृभाषामा शिक्षा पाउने हक संविधानमा सीमित नराखी कार्यान्वयन गर्नुपर्ने।

(१०) आदिवासी जनजातिमा रहेका परम्परागत खाद्य सम्प्रभुता निर्धारण गर्नुपर्ने।

(११) आदिवासीका प्राकृतिक स्रोतको सामूहिक प्रयोगको अभ्यासलाई कानुनी मान्यता दिनुपर्ने।

(१२) आदिवासी जनजातिका धार्मिक, सांस्कृतिक परम्परा र चाडपर्वलाई विशेष संरक्षणका लागि राज्यले विशेष नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने।

(१३) आदिवासी जनजातिको स्व:पहिचान र आत्मसम्मानमा ठेस लाग्ने काम नगर्ने नीति राज्यले बनाउने।

**शोभा पाण्डे**
शाखा अधिकृत

## थारू आयोग

राष्ट्रिय स्वास्थ्य बीमा बोर्डले सिकलसेलबाट प्रभावित बिरामीका लागि आवश्यक औषधि सूचीकृत नगरेको तथा सिकलसेलबाट प्रभावित थारु समुदायका बिरामीका लागि सरकारबाट प्रदान गरिएको १ लाख रुपियाँ पर्याप्त नहुँदा यस रोगबाट प्रभावित व्यक्तिको स्वास्थ्य अधिकारको रक्षा गर्न नसकिएको अवस्था छ। मुक्त कम्लहरी तथा उनीहरूको सन्तानको उचित पठनपाठन तथा छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन प्रभावकारी भएको देखिँदैन साथै उनीहरूलाई व्यवस्थित रोजगारीको अवसर नभएको अवस्था छ।

मुक्तकमैयाो समस्या समाधान गर्न सरकारले कमैयालाई प्रदान गरेको जग्गा १० वर्षसम्म बेचविखन गर्न नपाउने प्रावधान छ। सो प्रावधान १० वर्षपश्चात पनि यथावत रहेको हुँदा कमैयाहरू अर्को व्यवसायमा स्थानान्तरण हुन तथा आयआर्जनको अवसर प्राप्त गर्नबाट पछाडि परेका छन्। भएको जग्गा धितो राखी कर्जामा सहज पहुँच समेत नपाउँदा आर्थिक उन्नति हुन सकेको छैन।

संविधानले थारु समुदायको छुट्टै क्लष्टर प्रदान गरेकोमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका संयन्त्रमा पहँचको अधिकारको कार्यान्वयनका लागि आवश्यक पर्ने आधारभूत कानुन नबन्दा थारु समुदायले समानुपातिक समावेशी सिद्धान्तको आधारमा संविधान प्रदत्त अधिकारको हालसम्म उपयोग गर्न पाएको छैन।

बाँके जिल्ला लगायतका जिल्लामा सरकारबाट पुनर्स्थापना गराइएका कतिपय थारु समुदायका कमैयाहरूले हालसम्म आफूलाई बसोबासको लागि दिइएको जग्गा उपभोग गर्न नपाएको, अन्य समुदायका व्यक्तिले थारु समुदायका व्यक्तिको जग्गा उपभोग गरिरहेको/हडपेको भन्नेसमेत बुझिन आएको छ।

थारु समुदायको संस्कृतिक धरोहर ग्रामथान सम्पदाहरू रहेको भू-भाग (जमिन) अतिक्रमण गरिएको अवस्था छ।

**कृष्णकान्त उपाध्याय**
सचिव